# आ.ब. २०७६/७७ को नीति तथा कार्यक्रम

**टीकापुर नगरपालिका**

**टीकापुर कैलाली**

**सुदूरपश्चिम प्रदेश**

**२०७६/०३/०७**

tikapurmun@gmail.com
tikapurmun.gov.np

# टीकापुर नगरपालिकाको

# आर्थिक वर्ष २०७६/०७७ को  लागि स्वीकृत नीति तथा कार्यक्रम

## नगरसभाका सदस्यज्यूहरु,

१.यस सम्मानित पाँचौ नगरसभा समक्ष टीकापुर  नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अपार हर्ष एवं गौरव अनुभुति गरिरहेको छु ।

२.यस ऐतिहासिक घडीमा म सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरुमा भएका मुक्तिका आन्दोलनमा आफ्नो ज्यानको आहुती दिनुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

३.टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

४.टीकापुर नगरलाई देशको नमुना शहरको रुपमा विकास गरी नगरवासीको सपना साकार पार्न र सवैलाई टीकापुर तर्फ आर्कषित गर्न यहाँ रहेका पार्क, उद्यान, नदी, ताल आदिलाई पर्यटकीय दृष्टिकोणले उपयोग गरी नगरपालिकाको आयश्रोत वृद्धि गर्ने प्रक्रियामा हामी लागि रहेका छौं ।

५.स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले कार्यकारिणी अधिकारका सम्वन्धमा गरेको व्यवस्थालाई पालना गर्दै टीकापुर नगरपालिकाले कार्यसम्पादन गरिरहेको छ । जनतालाई छिटो छरितो सेवा दिने, विकास प्रक्रियालाई तिव्र वनाउने र सुरक्षित जीवनको अनुभुति गराउने उद्देश्य हामीले राखेका छौं । यसका निमित्त तदनुरुप दैनिक प्रशासन सञ्चालन गर्नुका साथै आवश्यक नीति, कानुन र योजना तर्जुमा गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सम्पादन गरिरहेका छौं ।

## आदरणीय नगरसभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा भएका उपलब्धिको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

६.पूर्वाधार विकास अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाइ, धनगढी, कैलाली मार्फत सघन शहरी विकास कार्यक्रम अन्तरगत

वसपार्क निर्माण,मुख्य बजार क्षेत्र लम्की खक्रौला सडक खण्डको जमरा पुल देखि मूख्य वसपार्क सम्मको सडक ६ लेन कार्यक्रम, घण्टाघर निर्माण कार्यको थालनी भईसकेको छ भने ब्लक नं 'A' को सडक तथा नाली स्तरोन्नती कार्य अगाडि बढेकोछ ।

७.टीकापुरको पहिचानको रुपमा रहेको टीकापुर बृहत पार्क (बंगला पार्क) को विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भईसकेको छ । विगतका वर्षहरुमा आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा बृद्धि भएको छ भने गौरवको योजना अन्तर्गत आ.व. ०७५/०७६ मा टीकापुर पार्कको मूख्य प्रवेश द्धारमा गेट निर्माणको कार्य अन्तिम चरणमा रहेकोछ ।

८.टीकापुर नगरपालिकाको आगामी दिनहरुमा आवधिक योजनाको, नीति तथा रणनीति निर्माण, कार्यान्वयन लगायत समग्र कृयाकलापहरुमा सहजताका लागि Commited Nepal को सहयोगमा यस वस्तुगत तथ्याकं झल्कने नगरपालिकाको नगर पार्श्वचित्र (Municipal profile) निर्माण गरिएकोछ ।

९.यस टीकापुर नगरपालिकाका सम्पूर्ण वडालाई दीगो सडक सञ्जालसँग जोड्न प्रत्येक वडामा कालोपत्रे सडक पुर्‍याउने लक्ष्य अनुरुप आ.व. ०७५/०७६ मा ४.०७५ कि.मि. सडक कालापत्रे, २८.३२ कि.मि ग्राभेल, १२.१८ कि.मि. माटो पटानी र ५.७५ कि.मि.सडकमा नयाँ ट्र्याक खोल्ने र रेखांकन सम्बन्धी कार्य गरिएकोछ ।

१०.नेपाल सरकारको दीगो विकास लक्ष्यमा समेटीएको स्वस्थ र उत्पादनशिल जीवन उद्देश्य अनुरुप सवै उमेर समुहका ब्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्न टीकापुरवासीलाई रगतको अभावमा अकालमा ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले निशुल्क रगत कार्यक्रम संचालनमा ल्याईएको छ ।त्यसैगरी गर्भवती महिलाहरुलाई पूर्ण संस्थागत सुत्केरी सेवादिन घर देखि अस्पताल Home to Hospital कार्यक्रम रेडक्रस शाखा, टीकापुर सँग समन्वय गरी सन्चालनमा ल्याईएको छ । त्यस्तै टीकापुर अस्पतालमा वालरोग विशेषज्ञको ब्यवस्था गरिएको छ भने सवै वडामा स्वास्थ्य केन्द्र तथा नगर स्वास्थ्य केन्द्रको स्थापना गरी सेवा संचालनमा ल्याईएकोछ ।

११.टीकापुर क्षेत्रभित्र रहेका एच.आई.भि संक्रमित भई रोग प्रतिरोधात्मक औषधी सेवन गरी रहेका संक्रमितहरुलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले प्रति ब्यक्ति वार्षिक रु. ५०००। (पांच हजार) का दरले रकम उपलब्ध गराइएको र आ.व. ०७५/०७६ मा यस कार्यक्रम मार्फत जम्मा ८० जना लाभान्वित भएका छन् ।

१२.टीकापुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारी रुपले सम्पादन तथा नियमन गर्नका साथै सेवा प्रवाहलाई प्रभावकारी वनाउन विभिन्न विषयका ३१ वटा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आवश्यकता अनुरुप कानून निर्माणको प्रक्रियालाई निरन्तरता प्रदान गरिएकोछ ।

१३.नगरपालिका केन्द्र तथा वडा कार्यालयहरुमा मानव श्रोत सहित कार्यालयमा भौतिक साधन श्रोतको व्यवस्थापन सहित चुस्त र उत्तरदायी प्रशासनमा जोड दिईएकोछ ।

१४.सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ्ग पद्दति मार्फत वितरण गर्ने गरिएको छ र यसमा देखिएका जटिलतालाई समाधान गर्दै अशक्त र असहायहरुलाई घरदैलोमानै गई सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सुरुवात गरिएकोछ ।

१५.खेलकुद क्षेत्रको विकासबाट वालवालिका तथा युवालाई अनुशासित, मर्यादित र स्वस्थ एवं जिम्मेवार नागरिकको रुपमा विकास गर्न स्रोतकेन्द स्तरीय खेलकुद कार्यक्रम, मेयर उपमेयर कप फुटवल प्रतियोगिताका साथै, दुईदेशीय कराते प्रतियोगिता लगायत विविध किसिमका खेलकुद कार्यक्रम संचालन गरिएकोछ ।

१६.शिक्षा क्षेत्रको भौतिक पूर्वाधार सहित आवश्यक व्यवस्थापकीय पक्षमा सुधार गर्दै प्राविधिक तथा दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारणको प्राविधिक शिक्षामा पहुँच कायम गर्न प्रत्येक वर्ष सामुदायिक विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गर्दै लैजाने लक्ष्य अनुरुप वडा नं. १ स्थित कर्णाली मा.वि. लाई प्राविधिक शिक्षा सहित अगाडि बढाईको छ भने सामुदायिक विद्यालयहरुलाई भौतिक रुपमा सुसम्पन्न गराउन विद्यालयमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिएको छ । साथै सवै सामुदायिक विद्यालय पहिचानको लागि भवनमा एकै किसिमको रंग लगाउने कार्यको थालनी गरिएकोछ ।

१७.टीकापुर नगरपालिका भित्रका सवै वडा कार्यालयहरुलाई भौतिक पूर्वाधारयुक्त बनाउन वडा कार्यालय सम्म पुग्ने बाटोलाई पहिलो चरणमा कालोपत्रे गर्ने योजना लगायत, कार्यालय संचालनका लागि आवश्यक मानवस्रोत, भौतिक सामाग्री, उपकरण सहित free wifi को व्यवस्था मिलाईएकोछ ।

१८.टीकापुरका कृषक समुहलाई धान, मकै, गहुँमा लाग्ने रोग किरा नियन्त्रण सम्बन्धी तालिम दिनुका साथै उन्नत जातको विउविजन उपलब्ध गराईएको छ । अनुदान र लागत सहभागिता समेत गरी कृषक समुहलाइ साना सिंचाइ कार्यक्रम अन्तर्गत ६० वटा बोरिंग उपलब्ध गराईनुका साथै १९ वटा कृषक समुहलाई प्रति समुह एकवटाको दरले जम्मा १९ थान पावर ट्रिलर उपलब्ध गराईएकोछ ।

१९.टीकापुरलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउदै कृषकहरुको दीगो जिवीकोपार्जनका लागि निर्वाहमुखी कृषि पद्धतिलाई ब्यावसायिक कृषिमा रुपान्तरण गर्न विभिन्न तालिमको आयोजना गरिएको छ जसअन्तर्गत ४७ वटा समुहलाई च्याउ खेती सम्बन्धी तालिम, प्राविधिक सहयोग, नियमीत घरबारी भेटघाट कार्यक्रम, माटो परीक्षण कार्यक्रम गरिएको छ । नमूना तरकारी उत्पादन प्रदर्शन कार्यक्रम अन्तर्गत प्राङ्गारिक उत्पादन प्रविधिमा टमाटर, काउली लगायतका नमूना तरकारी उत्पादन गरिएको र रासायनिक विषादी न्यूनिकरणका लागि ६ वटा कृषक पाठशालामा एकिकृत शत्रुजीव ब्यवस्थापन (आई.पी.एम) कार्यक्रम सन्चालन गरिएकोछ ।

२०.यस क्षेत्रका कृषकहरुलाई कृषि क्षेत्रको आधुनिक प्रविधि सँग जोडी कृषि उत्पादनमा थप बृद्धि गर्ने उद्देश्यले कृषि सहकारी संस्थालाई क्रियाशिल बनाई Custom Hiring Centre मार्फत सेवा प्रदान गर्ने कार्यको लागि प्रक्रिया अगाडी बढाईएको छ । यसले कृषि क्षेत्रको उत्पादन बृद्धिमा टेवा पुग्ने विश्वास लिईएकोछ ।

२१.टीकापुर नगरपालिकाको आन्तरिक राजश्वको प्रभावकारी एवं कुशल कार्यान्वयन र ब्यवस्थापनका लागि राजश्व सुधार कार्यक्रम अन्तर्गत प्रत्येक वडा कार्यालयमा सफ्टवेयर जडान गरी सम्पत्ति कर तथा ब्यवसाय कर संकलनको ब्यवस्था मिलाईएकोछ ।

२२.टीकापुर नगरवासीको आवश्यकता अनुसार सेवा प्रवाह गर्न, सरोकारवालाहरुको सक्रिय एवं सार्थक सहभागिता गराई नगरपालिकाबाट प्रदान हुने वस्तु तथा सेवाहरु छिटो छरितो सरल एवं न्यायिक रुपमा उपलब्ध गराउन सकियोस भन्ने ध्येय अनुरुप सुशासन अभिबृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो ब्यवस्थापन लगायतका क्रियाकलापहरु नियमित रुपमा संचालन गर्ने ब्यवस्था मिलाईएकोछ ।

२३.पर्यटन विकासका लागि टीकापुरलाई पर्यटकीय क्षेत्रको रुपमा अघी बढाउन पर्यटन मन्त्रालय अन्तर्गत यस आ.व. देखिनै टीकापुर सर्किटको अवधारणा अघी बढाईएको छ ।यसै गरी कैलाली भ्रमण वर्ष अन्तरगत टीकापुर बृहत पार्कमा विविध सांस्कृतिक

कार्यक्रम, वडा नं ७ स्थित ढुंगाना टोलमा डल्फिन महोत्सव सम्पन्न गरिएको छ। भने स्थानीय भाषा, कला, साहित्य र संस्कृति संरक्षणका लागि विविध होरी, माघी, घाँसे महोत्सव लगायतका विविध कार्यक्रमको आयोजना गरिएकोछ।

२४.टीकापुर नगरपालिका क्षेत्र भित्र महिला लगायतका लक्षित वर्गका लागि सशक्तिकरण, सीप विकास र रोजगारमूलक कार्यक्रम संचालन गर्नुका साथैलागु औषध दुर्व्यशन, छाउपडि प्रथा,घरेलु हिंसा लगायतका विविध विषयमा सचेतना सम्बन्धी कार्यक्रमहरु संचालन गरिएकोछ।

२५."**म स्वस्थ, मेरो देश स्वस्थ अभियान"** अन्तर्गत टीकापुर नगरपालिकाले "म मेरो स्वास्थ्य प्रति जिम्मेवार छु, म मेरो स्वास्थ्यको जिम्मेवारी आफै लिन्छु" भन्ने नाराका साथ मेरा **१० प्रतिबद्धता मेरो स्वस्थ जीवनको आवश्यकता सहित मेरो वर्ष अभियान,**२०७६ शुरु गरेको छ। यसबाट नगरवासीहरु आफ्नो स्वास्थ्य प्रति जिम्मेवार बन्दै जाने विश्वास लिईएकोछ।

२६.नगरपालिकाको आन्तरिक राजश्वमा अभिबृद्धि गर्दै आत्म निर्भरता तर्फ उन्मुख बनाउने उद्देश्य अनुरुप नगर कार्यपालिकाको कार्यालय परिसरको पूर्व दक्षिण तथा पश्चिम उत्तर भागमा बरण्डा सहितको २९वटा सटरहरु रहेको shopping complex भवनको निर्माण कार्य सम्पन्न गरी बहालमा लगाईएको छ भने परिसरको बाँकी स्थानमा थप shopping complex भवन निर्माणको योजना अघि बढाईएकोछ।

२७.जलवायु परिवर्तनको नकारात्मक असर बाट सृजित बाढी, डुवान, खडेरी जस्ता प्रकोपको जोखिम न्यूनिकरण तथा जलवायु समानुकुलित विकास योजना संचालन गर्ने लक्ष्यका साथ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) को लागत सहभागितामा यस नगरपालिकाको वडा नं.६ र ७ मा सुरक्षित उच्च भवन (Flood Resilient Shelter House) को निर्माण कार्य अन्तिम चरणमा रहेको र वडा नं. ४ मा रहेको भेडेकूलोको ७७.५ मि. पक्की पर्खालको निर्माण सम्पन्न भईसकेको छ। साथै वडा नं. ८ मा सुर्यपुर देखी बटनपुर वडा कार्यालय जाने सडकको ११८ मि. कालोपत्रे तथा पक्की नाला निर्माण कार्य संचालनमा रहेकोछ।

२८.नगर गौरवको आयोजनाको रुपमा रहेको वडा नं. ५ को दौलतपुरघाटमा आधुनिक शवदाह गृह निर्माणको लागि सम्झौता भई कार्य अगाडि बढाईएको छ साथै

नगरपालिकाको सवै वडालाई जोड्ने गरी वाहिरी चक्रपथको विस्तृत योजना प्रतिबेदन (DPR) तयार गर्नको लागि परामर्शदाता छनौटका लागि ठेक्का प्रक्रिया अगाडी बढाईएकोछ ।

२९."Solid Waste Management" अन्तर्गत यस नगरपालिका क्षेत्र भित्रको फोहरमैला ब्यवस्थापन कार्यका लागि फोहर Segregation Block, Composition Block र Storage Block सहितको पूर्वाधार निर्माणको लागि निर्माण कार्यको ठेक्का सम्झौता भई अगाडि बढाईएकोछ ।

३०.स्मार्ट सिटी परियोजना अन्तर्गत नगरपालिकाको मूख्य बजारक्षेत्र लगायत यस वरपरका वस्तीलाई जोड्ने गरी आन्तरिक चक्रपथको (DPR) निर्माण गरी, आयोजना कार्यान्वयनको चरणमा अगाडी बढेकोछ ।

३१.टीकापुर नगरपालिका मूख्य बजार क्षेत्रको ढल ब्यवस्थापनका लागि खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत साना शहरि आयोजना ब्यवस्थापन कार्यालयको सहयोगमा ढल ब्यवस्थापन सम्बन्धी कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) अन्तिम चरणमा रहेकोछ ।

३२.दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी सेवा विस्तार सहित हालसम्म ६१०० (छ हजार एक सय) उपभोक्ता समक्ष साना सहरी तथा खानेपानी उपभोक्ता समिति मार्फत खानेपानी सेवा उपलब्ध गराईएको छ ।

३३.नेपाल सरकार, श्रम ,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा चालु आ.व. मा रु. ८३ लाख प्राप्त भएको र सो कार्यक्रमबाट यस क्षेत्रका ३७५ बेरोजगार युवाहरुलाई ३० दिन बरावरको रोजगारमूलक कार्यक्रमहरु संचालन भई रहेकोछ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अव म टीकापुर नगरपालिकालाई सुन्दर, समृद्ध, आत्मनिर्भर नगरपालिका वनाउने ध्येयका साथ टीकापुर नगरपालिकाका वासिन्दाहरुको सर्वौपरी हित सम्मुनतिका लागि तयार पारिएको आर्थिक वर्ष २०७६/०७७ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

३४.नगरको पहिचानका रुपमा रहेका र नगरको समग्र विकाससँग जोडिएका नगर गौरवका आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिदैं टीकापुर बृहत पार्क, चक्रपथ निर्माण, शवदाह गृह निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई सकेकोमा उक्त योजनाहरु निर्माण, विकास, विस्तार र प्रबर्द्धनात्मक कार्यक्रमका लागि यथोचित बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ । साथै वडा नं २ को सनकट्टी घाट र वडा नं. ६,७,८ र ९ लाई पायक पर्ने स्थानमा शवदाह गृह निर्माण गरिनेछ ।

३५."**एक वडा एक गौरवको सडक योजना"** अन्तर्गत यस नगरपालिकाको नगर गौरवको आयोजना स्वरुप प्रत्येक वडामा १ (एक) कि.मि. सडक कालोपत्रे योजना संचालन गरिनेछ ।

३६.विगत लामो समय देखि संचालनमा आउन नसकेको टीकापुर विमानस्थल पूनः संचालनमा ल्याई टीकापुर नगरपालिकालाई हवाई यातायात संजाल सँग जोड्नका लागि आवश्यक पहल गरिनेछ ।

३७.यस टीकापुर नगरपालिकाको आफ्नो स्रोतले मात्र सम्पन्न हुन नसक्ने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

३८.आ.व.०७५/०७६ मा मर्मत सम्भार कोष, विपद् व्यवस्थापन कोष,कन्टेन्जेन्सी वापतको आयोजना ब्यवस्थापन कोषमा क्रमश ३ प्रतिशत रकम कट्टा गरी संचालनको ब्यवस्था मिलाईएकोमा आगामि आ.व ०७६/०७७ का लागि उल्लेखित शिर्षकरुमा अलग अलग कोष बनाई पूंजीगत शिर्षकबाट क्रमश : ३ प्रतिशत रकम अग्रिम एकमुष्ट

रुपमा कट्टा गरी कोषमा राखिनेछ र उक्त रकमको सम्बन्धित कार्यविधि अनुसार खर्च संचालनको व्यवस्था मिलाईनेछ ।

३९.विकासमा आम जनताको सहभागिता सुनिश्चित गर्नका लागि ५० प्रतिशत भन्दा बढी लागत सहभागितामा आयोजना संचालन गर्न प्राथमिकता दिई सोका लागि साझेदारी रकम विनियोजन गरिनेछ ।

४०.नगरपालिकाबाट यस आ.व.मा सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईनेछ । साथै बहुवर्षिय योजनामा आवश्यकता अनुरुप बजेटको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

४१.पूर्वाधार विकासको क्षेत्र बाहेकका अन्य लक्षित कार्यक्रम, क्षमता विकास कार्यक्रम एवं अन्य प्रर्वर्द्धनात्मक कार्यक्रमहरुको प्रभावकारिता वृद्धिका लागि सबै वडाहरुमा एकरुपता आउने गरी सम्वन्धित विषयगत शाखा/उपशाखा सँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

४२.टीकापुर क्षेत्रका स्थायी बासिन्दा रही शिक्षा, खेलकुद, कला, संगीत, साहित्य, पत्रकारिता, खोज, अनुसन्धान लगायतका विभिन्न विधा र विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याती र प्रतिष्ठा कमाई टीकापुरको चिनारी बढाउन योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन र सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४३.यस नगरपालिकामा रहेका सामुदायिक चौपाया व्यवस्थापनका लागि सामुदायिक चौपाया व्यवस्थापन कार्यक्रम अन्तर्गत टीकापुर वडा नं. ५ स्थित टीकापुर नर्सरीमा समुचित व्यवस्थापन गर्दै आएकोमा उक्त क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण सहित चौपायाको व्यवस्थापन मिलाईनेछ। त्यस क्षेत्रबाट संकलित गोवर र नगर क्षेत्र भित्रबाट उत्पादित सड्ने फोहरहरुको यथोचित प्रयोग गरी बायोग्यास (जैविक उर्जा) उत्पादन प्रक्रिया अगाडी बढाईनेछ ।

४४.पर्यटन विकास र प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना बनाई मुख्य-मुख्य पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसार गरिनेछ । यस क्षेत्रमा रहेका ऐतिहासिक तथा

धार्मिक महत्व बोकेका पदम प्रकाशेश्वर, शिव मन्दिर, बौद्ध गुम्वा लगायत मठ मन्दिरको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धनात्मक कार्यहरु संचालन गरिनुका साथै नगरभित्र रहेका तालतलैया तथा सिमसार क्षेत्रहरुको संरक्षण र प्रबर्द्धन गरी नगरको सौन्दर्यता कायम गरिनेछ ।

४५.टीकापुर नगरपालिकालाई थप ब्यवस्थित शहरका रुपमा विकास गर्न व्यवस्थित भू-उपयोग नीति ल्याइनेछ । यस कार्यका लागि जग्गा एकिकरण, Land Pulling कार्य अगाडि बढाइनुका साथै जथाभावी गरिने जग्गा खण्डिकरणमा रोक लगाईनेछ ।

४६.यस क्षेत्रमा रहेका मुक्तकमैया र सुकुम्वासीहरुको जिवनस्तरमा सुधार ल्याउन विविध सिपमूलक, रोजगारमूलक तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ साथै व्यवस्थित बसोबासका लागि प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्य र समन्वयका आधारमा ब्यवस्थापन सम्बन्धी कार्य अगाडि बढाईनेछ ।

४७.यस क्षेत्रको शैक्षिक विकास तथा गुणस्तरमा सुधार गरी शैक्षिक नगरीका रुपमा विकास गर्न सबै वडाहरुमा रहेका सामुदायिक विद्यालयहरु मध्ये **“एक वडा एक नमूना सामुदायिक विद्यालय”** कार्यक्रम क्रमशः लागु गरिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

४८.टीकापुर नगरपालिका क्षेत्रमा रहेको वेतवासको प्रशोधन, प्रवर्द्धन र बजारीकरणका लागि सामुदायिक वन,निजी तथा सहकारी संस्थासँगको सहकार्यमा उद्योग स्थापनाका लागि पहल गरिनेछ । साथै उद्यमशिलता विकासका लागि आवश्यक क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

४९.आयोजनाको गुणस्तर कायम गर्न तथा जनस्तरमा विश्वसनियता बढाउने र अनुगमनलाई प्रभावकारी बनाउने उद्देश्यले असारे विकास प्रबृतिलाई निरुत्साहित गर्ने उद्देश्यले बैशाख मसान्त सम्म सम्झौता गरिसक्ने नीति अवलम्वन गरिनेछ ।

५०.नगरपालिकाको प्रमुख प्रशासनिक भवनको परिसर ब्यवस्थापनका लागि विस्तृत परियोजना तयार भईसकेकोमा उक्त परिसर भित्र ब्यवस्थित पार्किङ्ग, प्रतिक्षालय , सडक, नाली तथा बगैचा सहितको पूर्वाधार निर्माणका लागि रकम विनियोजन गरि कार्य अगाडि बढाईनेछ । तथा आफ्नै भवनमा संचालित वडा कार्यालयहरुको बाह्य

परिसर व्यवस्थापनको लागि सून्दरता र स्वच्छता कायम हुने किसिमका बगैचा निर्माण गरिनेछ ।

५१.टीकापुर नगरपालिका, नगर कार्यपालिका कार्यालयमा सेवा लिन आउने महिला सेवाग्राही तथा महिला कर्मचारीका लागि छुट्टै स्तनपान कक्ष/स्थलको व्यवस्था मिलाईनेछ ।

५२.टीकापुरमा छाला जुत्ता उत्पादनगर्दै आईरहेका उद्यमीहरुलाई लागत सहभागितामा आवश्यक प्रविधि हस्तान्तरण गरी गुणस्तरमा सुधार गर्दै उचित बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

५३.टीकापुर नगरपालिका अर्न्तगत संचालन हुने विभिन्न सभा, समारोह तथा कार्यक्रमहरुमा सम्मानका लागि प्रयोग हुँदै आएको खादाको प्रयोगलाई निरुत्साहित गर्दै फूल, स्थानीय तथा स्वदेशी उत्पादन जस्तै ढाका टोपी, गलबन्दि आदिको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

५४.नेपाल सरकारले अवलम्वन गरेको भ्रष्टाचार र लैंगिक हिंसा विरुद्ध शुन्य शहनसिलता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ब्यवस्था मिलाईनेछ ।

५५.टीकापुर नगर क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा, ऐलानीपर्ति तथा दर्ता जग्गा समेतको यकिन अभिलेखका लागि जग्गाको पुनः सर्भे नापी गर्न प्रदेश सरकार र संघीय सरकार सँग आवश्यक समन्वय गरी अगाडी बढिनेछ ।

५६.वित्तिय पारदर्शिता तथा सुशासनका लागि नगरपालिका केन्द्र, विषयगत शाखा तथा वडा कार्यालयका साथै विभिन्न संघ/संस्थाबाट संचालन गरिने सवै प्रकृतिका कार्यक्रमहरु, बैठक, गोष्ठि, सभा लगायतका कार्यक्रम संचालन खर्च कार्यक्रम संचालन पूर्व र यथार्थ खर्च कार्यक्रमको समापनमा अनिवार्य रुपले सार्वजनिक गर्नुपर्नेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

५७.टीकापुर नगरपालिका क्षेत्रमा टोल विकास संस्थाहरु गठनका लागि आवश्यक कार्यविधि निर्माण गरीनेछ र टोल विकास संस्थाहरुको आवश्यक क्षमता विकास गरी नगरको सरसफाई तथा विकास निर्माण कार्यमा सक्रिय सहभागिता गराईनेछ ।

५८.आमा समूह, महिला सहकारी संस्था, बालक्लब, बालसञ्जाल, किशोर किशोरी समूह सञ्जाल, युवा समूह, युवा सञ्जाल, एकल तथा लैंगिक हिंसा प्रभावित महिला समूह तथा फरक क्षमता भएका ब्यक्तिको क्षमता विकासका साथै संस्थागत तथा संरचनागत विकासको नीति अवलम्वन गरिनेछ ।

५९.प्राकृतिक प्रकोपका हिसावले जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गरिनेछ ।बाढी तथा डुवानको जोखिममा रहेका स्थानहरु तथा वस्तीहरुको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन कार्यक्रम संचालन गरिनेछ ।

६०.विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि टुक्रे योजना छनौट हुने प्रबृत्तिको अन्त्य गर्दै पूर्वाधार तर्फका योजना रु. ५ लाख भन्दा साना नहुने गरी बजेट विनियोजन गर्ने र रु. २५ (पच्चीस) लाख भन्दा बढी लागतका पूर्वाधारका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गरिनेछ । उक्त योजनाहरुको ठेक्का E -bidding प्रक्रिया मार्फत अगाडि बढाईनेछ ।

६१.टीकापुर बृहत उद्यान (बंगला पार्क) को दीर्घकालिन उपयोग र यस उद्यानको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनात्मक कार्यका लागि लिजमा दिने सम्बन्धमा विस्तृत संभाव्यता अध्ययन गरिनेछ ।

६२.नेपाल सरकारले शशर्त अनुदानमा तोकेको शर्त बाहेक आ.व ०७६/०७७ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरुमा ग्राभेल,माटो पटानी जस्ता कार्यमा ८०:२० र अन्य पूर्वाधारका योजनाहरुको निर्माणमा ८५:१५ को अनुपातमा जनसहभागिता गराउने नीति लिइनेछ ।

६३.नगरपालिकाका आफनै वडा कार्यालयको नाममा जग्गा भएका वडा कार्यालयको भवन क्रमशः निर्माण गरिनेछ । जग्गा नभएका वडा कार्यालहरुलाई जग्गा प्राप्तीका लागि पहल गरिनेछ र निजीदाताहरुलाई जग्गा उपलब्ध गराउन आह्वान गरिनेछ ।

६४.सडक क्षेत्रको व्यवस्थित विकासका लागि नगरपालिकाको यातायात गुरुयोजना (MTMP) तयार गरी लागु गरिनेछ । प्राथमिकतामा परेका सडकको रेखाङ्कन र लगत कट्टाको कार्यसो अनुसार संचालन गरिनेछ ।

६५.लम्की-टीकापुर-खक्रौला सडक चार लेनको निर्माणका साथै छिमेकी जिल्ला बर्दिया जोड्ने सनकट्टी घाट र दौलतपुर घाट तथा भर्तापुर र बाणी पथरैया स्थित जमरा नदीमा पक्की पुल निर्माण र कालोपत्रे गर्न संघीय , प्रदेश सरकार र अन्य दातृ निकाय समक्ष पहल गरिनेछ ।

६६.बाढी तथा डुवानका कारणले संकटासन्न क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित उच्च भवन तथा अन्न भण्डारण केन्द्र निर्माणका लागि प्रेरित गर्नुका साथै विभिन्न निकायहरुमा सहयोगका लागि यथोचित पहल गरिनेछ ।

६७.सबै वडाका केन्द्र पुग्ने सडक, सेवा केन्द्र तथा शैक्षिक संस्था सम्म पुग्ने सडकहरुको स्तरोन्नती गरी सहज आवागमनको व्यवस्था मिलाईने कार्य आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

६८.टीकापुर नगरपालिकाको दीर्घकालिन विकास तथा सम्मुन्नतीका लागि नगरपालिकाको आवधिक विकास योजना तयार गर्ने कार्य शुरु गरिएको छ र सो कार्यलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

६९.टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको सञ्चालन प्रक्रियालाई ब्यवस्थित , गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रवर्द्धनका लागि तालिम, क्षमता विकास, नियमन तथा अनुगमनमा विशेष जोड दिईनेछ । साथै प्रत्येक वडामा कम्तीमा १ वटा नमूना सहकारी विकासमा जोड दिईनेछ र सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (कोपोमिस :COPOMIS) कार्यक्रम अगाडि बढाईनेछ ।

७०.सहकारी क्षेत्रको सहकारी दर्ता, एकीकरण, खारेजी तथा अनुदान वितरण सम्बन्धी मापदण्ड सहितको कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

७१.उपभोक्ता हित संरक्षणका लागि आवश्यक ऐन नियम बनाई लागु गरिनेछ ।

७२.अन्यायमा परेका बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त अपाङ्ग वर्ग एवं समुदायका मानिसहरुको न्यायमा पहुँच वृद्धि गर्ने उद्देश्यका साथ गुनासो सुनुवाईलाई प्राथमिकता दिइनेछ ।

७३.झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरी सरल, सहज, छिटो छरितो, सर्वसुलभ न्याय प्रदान गर्नमा जोड दिईनेछ र नगरपालिकाको प्रत्येक वडा कार्यालय संग समन्वय हुने गरी कम्तीमा एक/एक वटा मेलमिलाप केन्द्र गठन गरिनेछ।

७४."**एक वडा एक प्रजातीको बृक्षारोपण"** कार्यक्रम संचालनका लागि कम्तीमा १% (प्रतिशत) पुंजीगत वजेट विनियोजन गरिनेछ। साथै नगरपालिका क्षेत्रका सामुदायीक वन क्षेत्रको दीगो तथा वैज्ञानिक ब्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

७५.नगरपालिकाको नियमित वार्षिक योजना तथा दातृ निकायसंगको साझेदारीमा जलवायू समानुकुलित विकास योजनाहरु (CRDP) सञ्चालन गर्दै आगामी आ.व.वाट नगरस्तरीय भौतिक पूर्वाधारका योजनाहरुलाई जलवायु अनुकुल वनाउदै लगिनेछ।

७६.**एक वडा एक वगैचाको** अवधारणा ल्याइनेछ साथै खुला तथा सार्वजनिक स्थलमा वृक्षारोपण गरी हरियाली बृद्धि गरिनेछ। सडकपेटी किनारामा फलफूल रोप्ने र सुहाउंदो वृक्षारोपण गरि नगरको सौन्दर्यतामा वृद्धि तथा वातावरण सन्तुलनमा योगदान पुऱ्याउने व्यक्ती संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

७७.प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई विस्तारै कम गर्दे क्रमश: निश्चित क्षेत्र तोकी उक्त क्षेत्रलाई प्लाष्टिक निषेधित क्षेत्र घोषणा गर्दै लगिने छ। सो कार्यको सूरुवात नगर कार्यपालिकाको कार्यालय हाता परिसरवाट गरिनेछ।

७८.दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी सेवा विस्तार सहित शुद्ध खानेपानीमा आम नगरवासीको सहज पहुँचलाई वृद्धि गरिनेछ।

७९.वाढी, डुवान, हावाहुरी, आगलागि, भूकम्प, झाडापखाला, महामारी, चट्टयाङ, आदिको जोखिम, असर र यसको न्यूनिकरण तर्फ जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८०.महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सीप विकास गरी महिलाहरुलाई विकास तथा निर्णय, योजनानिर्माण, योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्दै नगरपालिका अन्तर्गत सन्चालन हुने योजनाहरुमा कम्तिमा ४० (चालिस) प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ।

८१.**हाम्री छोरी, प्यारी छोरी कार्यक्रम :** वाल विवाह न्यूनिकरणका लागि आर्थिक वर्ष २०७६/०७७ को श्रावण १ गते देखि जन्मिएका हरेक छोरीलाई हाम्री छोरी, प्यारी छोरी कार्यक्रम अन्तर्गत जन्म देखि २० वर्ष सम्म वार्षिक रु. १००० (एक हजार) का दरले बैंक खाता खोली रकम उपलब्ध गराईनेछ । उक्त रकम २० वर्ष अगाडि विवाह गरी जाने छोरीहरुलाई उपलब्ध गराईने छैन र यस कार्यक्रम संचालनका लागि आवश्यक कार्यविधि बनाई प्रक्रिया अगाडि बढाईनेछ ।

८२.**छाउँपडि मूक्त नगरपालिका घोषणा** अभियानका लागि महिला हिंसा, छुवाछुत, अन्धविश्वास र कुप्रथा लगायतका सम्पूर्ण गलत प्रचलन, तथा प्रवृत्तीलाई न्यूनिकरण गरिनेछ । साथै लैङ्गिक समानता सहितको उच्च संस्कारयुक्त नागरिक तथा सभ्य समाजको निर्माण गर्न यस नगरपालिकालाई छाउँपडि मूक्त नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८३.ग्रामिण महिलाहरुको आर्थिक अवस्थालाई सुर्धान विपन्न आय भएका महिलाहरुको आर्य आर्जनमा वृद्धि गर्ने विभिन्न सीपमुलक तालिम सञ्चालन गरिनेछ । महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि व्यक्तित्व विकासका कार्यक्रमहरुका साथै संस्थागत सुधारका कार्यक्रम संचालन गरिनेछ ।

८४.आर्थीक संकट न्यूनिकरणको लागि विविहित,उमेर ढल्केका वस्यक महिलाहरुलाई समुहमा आवद्ध गरी बचत गर्ने बानीको विकास गरिनेछ ।

८५.यस क्षेत्रमा रहेका एकल महिला, सामाजिक, आर्थिक विकासका लागि क्षमता अभिबृद्धिका साथै आयआर्जनमा टेवा पुग्ने किसिमका सीपमूलक तथा रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८६.समाजमा ब्यवहारिक रुपमा विद्यमान रहेका छुवाछुत, विभेद जस्ता नकरात्मक प्रचलनहरुको अन्त्य गर्दै विभेद रहित र भेदभावमुक्त समाज निर्माण गर्न यस नगरपालिकालाई छुवाछुत मुक्त नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै दलितहरुको सामाजिक, आर्थिक विकासका लागि क्षमता अभिबृद्धिका साथै आय आर्जनमा टेवा पुग्ने किसिमका सीपमूलक तथा रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८७.टीकापुर नगरपालिका क्षेत्रभित्रका श्रमिक वालवालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सबै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सवै किसिमका हिंसा

शोषण दुर्व्यवहार अन्त्य गर्ने तथा टीकापुरलाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८८.नगरपालिका भित्र रहेका बाल आश्रम, अनाथालयको अनुगमन, निरीक्षण गरिनेछ । साथै अनाथ, असहाय बालबालिकाको संरक्षणको आवश्यक व्यबस्था मिलाइनेछ ।

८९.मध्यम अपाङ्गता भएका ब्यक्तिहरुमा सिप तथा ब्यवसायिकता विकास गर्ने कार्यक्रम संचालन गरिनेछ साथै अपाङ्गता भएका ब्यक्तिहरुमा हुने सबै किसिमका दुर्ब्यवहार अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९०.अपाङ्कता भएका व्यक्तिहरुको संख्यालाई मध्यनजर गरी नगरपालिकाको ग्रामिण क्षेत्रमा बर्षमा एक पटक परिचयपत्र शिविर संञ्चालन गरिनेछ । अपाङ्कता भएका व्यक्तिहरुको लागि शसक्तिकरण तथा क्षमता विकास कार्यक्रम संञ्चालन गरिनेछ र अपाङ्कता भएका व्यक्तिहरुको गाम्भिर्यतालाई हेरी आवश्यकता अनुसार सामाग्री वितरण कार्य गरिनेछ ।

९१.ज्येष्ठ नागरिकहरुमा कानुन प्रदत्त सेवाको सहज पहुँच पुर्याउन सरोकारवालाहरु सँग सहकार्य बढाईनेछ साथै ज्येष्ठ नागरिकहरुलाई सम्मान जनक ब्यवहार गर्न यूवावर्गलाई जिम्मेवार बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९२.**"हाम्रो पूर्खा हाम्रो शान, गरौ पुर्खाको सम्मान"** भन्ने नारा सहित ज्येष्ठ नागरिकहरुमा भएको ज्ञान सिपहरुको सदुपयोग हुनेगरि जेष्ठ नागरिकहरुको दिनचर्यालाई सहज बनाउन नगरपालिका र सामुदायिक संयन्त्रहरुको सहकार्यमा दिवा सेवा केन्द्रहरु संचालनका साथै रचनात्मक कार्यहरु संचालन गरिनेछ ।

९३.टीकापुर नगरपालिकामा वसोवास गर्ने जेष्ठ नागरिकको सुरक्षामा पहुँच पुर्याउन जेष्ठ नागरिकहरुको स्वास्थ्य सँग सम्बन्धित विविध कार्यक्रमसन्चालन गरिनेछ । साथै आ.व.०७६/०७७ मा कम्तिमा एकवटा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

९४.**"धर्म, कला, अध्यात्म र संस्कृतिको संरक्षण गरौ, आफ्नो मौलिक पहिचान जोगाऔं"** भन्ने नाराका साथ धर्म, कला, अध्यात्म र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकासका लागि केन्द्र स्तर कार्यक्रम अन्तरगत बजेट विनियोजन गरि कार्यान्वयनको ब्यवस्था मिलाईनेछ । साथै सांस्कृतिक प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।

९५."**विविध परिकार मेला कार्यक्रम"** नगर क्षेत्र भित्र आन्तरिक तथा बाह्य पर्यटक भित्राउन तथा विविध जाती धर्म संस्कृतिको मौलिक पहिचानको रुपमा रहेका मौलिक परिकारहरुको प्रबर्द्धनका लागि "विविध परिकार मेला" गर्ने लगायतका पर्यटकीय गतिविधि गर्ने संघ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

९६.टीकापुर नगरपालिकाका पर्यटकीय क्षेत्र, संस्कृति, परम्परा र संरचनालाई समावेश गरेर फिल्म छायाङ्कन, डकुमेन्ट्री निर्माण गर्नेहरुलाई नगरपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

९७.यस क्षेत्रमा वसोवास गर्ने राजी, माझी, थारु, मगर समुदायको जीविकोपार्जनमा सुधार तथा स्तरोन्नतीका लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । साथै उक्त जातजातिको वसोवास भएको ठाउँमा "होमस्टे" को अवधारणा ल्याई पर्यटकीय स्थलका रुपमा विकास गर्न आवश्यक प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

९८.यस क्षेत्रमा वसोवास गर्दै आएका बादी समुदायहरुको आर्थिक, सामाजिक सशक्तिकरणका लागि क्षमता विकास, आयआर्जन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । साथै तेस्रो लिंगीहरुका लागि समान पहुँच र सम्मानपूर्वक जीवन यापन गर्नका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।

९९.**"भाषा र संस्कृतिको सम्मान; लुकेका प्रतिभाको पहिचान"** भन्ने नीति अन्तर्गत विविधतामा समेटिएका सबै जातजातिहरुको भाषा, संस्कृति, लोकसाहित्य, नृत्य, गीत संगित, मेला, पर्व, जात्रा, भाकाको संरक्षणका लागि रकम विनियोजन गरी सरोकारवालाहरुलाई यस्ता किसिमका कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

१००.**सार्वजनिक तथा सामुदायिक सम्पत्ति संरक्षण तथा ब्यवस्थापन कार्यक्रम**ः यस नगरपालिका भित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको अभिलेखिकरण तयार पारी त्यस्तो सार्वजनिक महत्वका सम्पत्तिको संरक्षण, व्यवस्थापन र उपयोग सम्वन्धी आवश्यक नीति तथा कार्यक्रम अगाडि वढाइनेछ । साथै नगरक्षेत्र क्षेत्र भित्र रहेका महत्वपूर्ण सडक, चोक , चौराह, सार्वजनिक स्थलको नामाकरण कार्यलाई अगाडि बढाइनेछ ।

१०१.टीकापुर क्षेत्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय, भौतिक पूर्वाधार लगायतका कार्यमा आर्थिक तथा भौतिक सहयोग प्रदान गर्न ईच्छुक संघसंस्था, निजी क्षेत्र, ब्यक्ति ,ब्यवसायीहरुलाई आह्वान गर्दै उक्त क्षेत्रको ब्यवस्थापन कार्यमा सार्वजनिक, निजी, साझेदारी अवधारणा अगाडि बढाईनेछ ।

१०२.बिगत लामो समय देखि यस क्षेत्रमा कायम रहेको बडघर प्रथालाई प्रोत्साहन गर्न क्षमता अभिवद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिकाको विकास निर्माण लगायतका विविध कार्यक्रमहरुमा आवश्यक सहयोग र समन्वय गरी अघी बढिनेछ ।

१०३.जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनता बीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग मेयर, उपमेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै जनताका गुनासो सुन्न र जनतासँग मेयरलाई प्रत्यक्ष जोड्नका लागि सामाजिक संजाल मार्फत गुनासो सुन्ने र समाधान गर्ने ब्यवस्था समेत मिलाईनेछ ।

१०४.नागरिक समाज, पत्रकार, विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा ब्यवसायीहरु आदिको भूमिकालाई सशक्त बनाउन आवश्यक सहकार्य र समन्वय गर्नुका साथै क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु गरिनेछ ।

१०५.टीकापुर नगरपालिका क्षेत्रलाई कार्य क्षेत्र बनाई विभिन्न कार्यक्रम संचालन गर्ने तथा गर्दै आई रहेका विभिन्न सामुदायिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ,संस्था तथा निजी क्षेत्रको उचित परिचालन, ब्यवस्थापन तथा आवश्यक समन्वयका लागि निश्चित कार्यविधि बनाई नियमन गरिनेछ ।

## नगरसभा सदस्यज्यूहरु,

१०६.यस टीकापुर नगरपालिकाको विशिष्टीकरण, कार्यचाप, मौजुदा जनशक्ति,नगरपालिकाको आम्दानी समेतको आधारमा संगठन, संरचना, दरबन्दी निर्धारण र कार्य विवरण तयारीका लागि संगठन तथा व्यवस्थापन (O&M) सर्वे गरी सोहि अनुरुप प्रदेश लोकसेवा आयोग समक्ष कर्मचारी ब्यवस्थापनका लागि पहल गरिनेछ ।

१०७.कर्मचारीहरुको उच्च मनोवल सहित कार्यगर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ । कर्मचारीहरुको समयानुकुल क्षमता अभिबृद्धि सम्बन्धी कार्यहरु गरिनेछ  साथै विगत लामो समयदेखि कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइनेछ ।

१०८.नागरिकको मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि यस टीकापुर नगरपालिकाले मोवाईल एप्स, नागरिक वडापत्र, वेवसाईट, रेडियो कार्यक्रम,

पत्रपत्रिका, Digital Board स्थापनालगायतका माध्यमबाट नागरिकलाई नगरपालिका सम्बन्धी जानकारी प्रदान गरिनेछ ।

१०९.**सञ्चारमैत्री सरकार र विकासमैत्री सञ्चारको** अवधारणाबाट स्थानीय सञ्चार माध्यमहरुलाई कृषी, वातावरण तथा समावेशी विकासमैत्री सामग्रीहरु प्रकाशन र प्रसारणमा प्रोत्साहन गरिनेछ । साथै सञ्चारकर्मीहरुलाई यस्ता सामग्री तयार गर्नका लागि "लेखनवृत्ती"को व्यवस्था गरिनेछ ।

११०.नगरपालिकाको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी रुपमा संचालन गरी जवाफदेहि र उत्तरदायी संगठनात्मक संयन्त्रको विकास गर्न दण्ड र पुरस्कारको उचित प्रबन्ध मिलाईनेछ । साथै कार्यालयमा रहेका मौजुदा जनशक्तिहरुको कार्यदक्षता, कार्यालयको आवश्यकता अनुसार सफ्टवेयरको प्रयोग, कर्मचारीहरुको जिम्मेवारी हेरफेर, अतिरिक्त जिम्मेवारी दिई कार्यसम्पादनको ब्यवस्था मिलाईनेछ । भने दीर्घकालिन उत्तरदायित्व सृजना गर्ने किसिमका कार्यहरुलाई निरुत्साहित गरिनेछ

१११.नगरबासीहरुको सुचनामा पहुँचका लागि नगरपालिकामा E-library स्थापना गरिनेछ र आफ्नै Public IP लिई Software केन्द्रित कार्यक्रमहरु संचालनको ब्यबस्था मिलाईनेछ ।साथै टीकापुर नगर कार्यपालिका कार्यालय परिसरमा लिजलाईन, अप्टिकल फाईबर तथा Central Data Server जडान गरी कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाईनेछ ।

११२.नगरपालिकाको विभिन्न किसिमका सूचना, पत्राचारका लागि लाग्ने समय, जनशक्ति, खर्चलाई न्यूनिकरण गर्दै छिटोछरितो सुचना प्रबाहको लागि Bulk SMS प्रयोगमा ल्याइनेछ साथै सबै वडा कार्यालय, स्वास्थ्य केन्द्रमा ईन्टरनेट सूविधा विस्तार तथा ब्यवस्थापन गरिनुका साथै नगरपालिका भित्रका निश्चित क्षेत्रहरुलाई free wifi क्षेत्र बनाईनेछ ।

११३.टीकापुर अस्पतालमा संचालन गरिएको बालरोग विशेषज्ञ सेवालाई थप गुणस्तरीय बनाई निरन्तरता दिदैं एन.आई.सी.यु.सेवा संचालन गरिनेछ ।

११४.नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखासँग संम्झौता गरी निःशुल्क रक्त संचार सेवा तथा घर देखि अस्पताल सम्म (Home to Hospital prog) कार्यक्रमलाई निरन्तरता दिईदै पूर्ण संस्थागत सुत्केरी नगरपालिका घोषणा अभियान अगाडी बढाईनेछ ।

११५."**स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र स्वस्थ उपभोग**" नारालाई साकार पार्न ध्यान र योगको माध्यमबाट स्वस्थ्य शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न योग आश्रमलाई आरोग्य केन्द्रको रुपमा विकास र विस्तार गरी विभिन्न जनचेतना मुलक कार्यक्रम तथा । विद्यालय योग शिक्षा कार्यक्रमलाई संचालन गरिनेछ ।

११६.**आमासंग उपमेयर कार्यक्रम** : सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाइ , पोषणयुक्त खानाखाने वानीको विकास गर्न टीकापुर नगरपालिका क्षेत्र भित्रका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण सम्बन्धी आमासँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ र कुपोषणमुक्त नगरपालिका घोषणा अभियान कार्यक्रम क्रमशः संचालन गरिदै लगिनेछ ।

११७.**गर्भवती महिलासँग सन्चार कार्यक्रम** : बाल मृत्युदर तथा मातृ मृत्युदरलाई न्यूनिकरण गर्न महिला स्वास्थ्य स्वंयसेवकहरुलाई मोवाईल मार्फत गर्भवती महिला र शिशुको सुरक्षासँग सम्बन्धित सूचना आदान प्रदानका लागि मोबाईल उपलब्ध गराईनेछ । साथै मासिक प्रतिवेदन बुझाउन आउँदा स्वयं सेवकहरुलाई उपलब्ध गराउदै आएको यातायात खर्चलाई निरन्तरता प्रदान गरिनेछ ।

११८.टीकापुर क्षेत्रभित्र रहेका एच.आई.भि संक्रमित भई रोग प्रतिरोधात्मक औषधी सेवन गरी रहेका संक्रमितहरुलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले संचालनमा रहेको एच.आई.भी.संक्रमितहरुलाई पोषण खर्च दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११९.आमा सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउन नगर स्तरिय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ ।

१२०.स्थानीय जनतालाई आर्यूबेद सम्वन्धि ज्ञान उपलब्ध गराउन आर्युबेद परिचयात्मक कार्यक्रमका साथै विद्यालय स्तरमा आर्युवेद स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

१२१.पशुपंक्षी उत्पादनका लागि ब्यावसायिक रुपमा गाई, भैसी, वंगुर, वाखा तथा कुखुरा एवम् माछा पालनमा जोड दिइनेछ । सम्भाब्यताको आधारमा वडा तथा गाउँ/टोलमा **विशेष क्षेत्र निर्धारण** गरी गाई/भैंसी, बंगुर/बाखा, तथा कुखुरा एवम् माछा पालनमा जोड दिइनेछ ।

१२२.स्थानीय अनुत्पादक पशुहरु छटाई गरी उत्पादनशिल उन्नत पशु पालनमा जोड दिइनेछ  साथै विगत आ.व. मा संचालनमा रहेका गाई, भैसीको क्षेत्र पकेट प्याकेज कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत घाँसको वाली, वर्षे, हिउदे, वहुवर्षे/डाले घाँसको खेती र विऊ उत्पादनमा समेत जोड दिइ ब्यावसायिक घाँस खेती प्रवर्द्धन गरिनेछ ।

१२३.नश्ल सुधारका लागी कृत्रिम गर्भाधानमा विशेष जोड दिई व्यावसायिक फर्महरुमा वाच्छी मात्रै उत्पादनका लागी सेक्सी सिमेनको व्यवस्था गरिनेछ । साथै व्यावसायिक फर्महरुमा वोयर पाठी/वोका तथा वंगुरको भाले (वीर) वितरणको कार्यक्रम लागु गरिनेछ ।

१२४.टीकापुर नगरपालिकाको पशु सेवा शाखा अर्न्तगत संचालित पशुपंक्षी उपचारलाई विशेष जोड दिइनेछ । साथै संक्रामक माहामारी रोग नियन्त्रणका लागी खोप कार्यहरु संचालन गरिनेछ । यस कार्यक्रमबाट २२० रोगको अन्वेषणमा सर्भिलेन्स, आउटव्रेक, नियन्त्रण, इपिडिमियोलोजिक, रिर्पोटलाई प्रभावकारी वनाइनेछ ।पशु स्वास्थ्यमा पहुच नपुगेका वडा/गाउँ/टोलमा पशु स्वास्थ्य शिविर र वाझोपन शिविर संचालनको नीति लिइनेछ ।

१२५.पशु उत्पादन दुध/मासु तथा अण्डाको वजारीकरणको लागी उत्पादनका आधारमा ढुवानी अनुदानको ब्यवस्था गरिनेछ । साथै मालसामान, सामाग्री तथा मासु, दुध पसल सुधार, संघ संस्था/सहकारीलाई अनुदानको ब्यवस्था गरिनेछ ।

१२६.पशु सेवा शाखा/उपशाखा लाई सेवा विस्तारका लागि अति आवश्यक वडा तथा टोलमा उपशाखा स्थापना गर्नुका साथै भौतिक निर्माणमा जोड दिइनेछ  र यसलाई पशु अस्पतालमा स्तरोन्नतिका लागि पहल गरिनेछ ।

१२७.कृषि क्षेत्रको ब्यवसायीकरण, गुणस्तर परीक्षण, विविधिकरण, आधुनिकीकरण, यान्त्रीकरण, ग्रामीण पूर्वाधार विकास र अनुगनका माध्यमबाट उत्पादकत्व बृद्धि गरी कृषि उत्पादनलाई बाह्य बजारमा निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक युवा उद्यमीको क्षमता विकास गर्दै लगिनेछ ।

१२८.स्थानीय स्तरमा रोजगारी अभिवृद्धि गर्न मसौमी वेमौसमी तरकारी खेती, केरा खेती, फलफुल खेती, खाद्यान्न वाली, गोव्रे च्याउ खेती, कन्ये च्याउ खेती, माछापालन जस्ता व्यवसायिक कृषि कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गरिनुका साथै कृषि विमा कार्यक्रम

र माटो परीक्षण कार्यक्रमहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिदै माटो सुधारका लागि हरियो मल कार्यक्रम ल्याउने र प्रबर्धन गरिनेछ ।

१२९.टीकापुर नगरपालिका केरा खेतीको लागि उर्वर क्षेत्र रहँदै आएको र कृषकहरु व्यवसायिक केरा खेती तर्फ अगाडि बढीरहेको परिप्रेक्षमा केरा उत्पादन क्षेत्र (Banana Zone) घोषणा गर्न आ.व. ०७६/०७७ देखि लागु हुने गरी न्यूनतम ५ विगाह क्षेत्र भन्दा बढी क्षेत्रफलमा केरा खेती गर्ने ब्यवसायीलाई कार्यविधि बनाई सो अनुसार अनुदान उपलब्ध गराईनेछ ।

१३०.**"टीकापुर नगरपालिकाको प्रतिबद्धता, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता"** मूल नाराका साथ बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत क्रमश निःशुल्क र अनिवार्य गरिनेछ ।

१३१.निःशुल्क शिक्षालाई सुनिश्चितता प्रदान गर्न विद्यालय व्यवस्थापन अनुदान, विद्यार्थी प्रोत्साहन लगायत कार्यक्रम संचालन गरिनेछ ।

१३२.परीक्षा प्रणालीलाई मर्यादित, ब्यवस्थित बनाउँदै एकरुपता कायम गर्न कक्षा ८ को परीक्षा नगरस्तरिय रुपमा संचालनको ब्यवस्था मिलाईएकोमा कक्षा ५ को परीक्षालाई समेत नगरस्तरिय बनाउँदै मूल्याङ्कन प्रणालीलाई स्तरिय, वैध र प्रभावकारी बनाइनेछ ।

१३३.संस्थागत विद्यालयहरुले गुणस्तरिय शिक्षा प्रदान गर्न शैक्षिक भौतिक पूर्वाधार व्यवस्थापन तथा दक्ष शिक्षक व्यवस्थापन गर्न जोड दिइनेछ । सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय नक्साङ्कन (School Mapping) को आधारमा सार्ने, गाभ्ने र दरबन्दी मिलानको प्रकृया अगाडी बढाइनेछ ।

१३४.माध्यमिक शिक्षामा पहुच तथा टिकाउ दर वृद्धि गर्न, लक्षित वर्गका विद्यार्थीहरुको लागि प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ । आवासीय विद्यालय सञ्चालन , नमूना विद्यालयको विकास तथा सञ्चालन गरिनेछ । कक्षा ११र १२ मा विज्ञान विषयको पहुँच विस्तार गरिनेछ ।

१३५.विद्यालय सञ्चालन प्रणाली, अनुगमन , मूल्याङ्कन तथा शिक्षण सिकाइ कृयाकलापमा सूचना सञ्चार प्रविधि(ICT) को उपयोग गरी समय सान्दर्भिक शिक्षाको विकास गरिनेछ ।

१३६.**"हाम्रो विद्यालय, राम्रो विद्यालय"** बनाउने अभियानका साथ सरोकारवालाको क्षमता विकास तथा समुदाय विद्यालय सम्बन्ध विकास गरिनेछ ।

१३७.सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको महिनावारीको समयमा पनि विद्यालयमा नियमीत उपस्थिती तथा ब्यक्तिगत सरसफाईलाई बढावा दिनका लागि नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा सेनटरी प्याड वितरण सहित सेनेटरी प्याड ब्यवस्थापन कार्यक्रमलाई प्राथमिकता साथ अगाडि बढाईनेछ ।

१३८.**"दक्ष शिक्षक नियमित विद्यार्थी, प्रभावकारी शिक्षण गुणस्तरिय सिकाइ"** को लक्ष्य हासिल गर्न शिक्षकको क्षमता विकासका लागि शैक्षिक कार्यशाला तथा तालिम सञ्चालन गरिनेछ ।

१३९.ट्युसन, कोचिङ् जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा तथा नगर भित्र सञ्चालित तालिम केन्द्र र भाषा प्रशिक्षण केन्द्रहरुको मापदण्ड निर्धारण गरी अनुमति, नविकरण र नियमन गरिनेछ ।

१४०.सामुदायिक विद्यालयहरुमा कक्षा ९ देखि नै प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनमा जोड दिइनेछ यसको लागि यसै वर्ष देखि कम्तिमा एउटा माध्यमिक विद्यालयमा कक्षा ९देखि १२ को प्राविधिक धार वा ३ वर्षे डिप्लोमा तथा २ वटा विद्यालयमा १८ महिने कोर्ष (TSEE) सञ्चालन गर्ने प्रकृया अगाडी बढाइनेछ ।

१४१.**मेयर,उपमेयर छात्रबृत्ति कार्यक्रम** : मेयर छात्रबृत्ति कार्यक्रम अन्तर्गत गरिब तथा जेहेन्दार विद्यार्थी लाई प्राविधक तर्फ उच्च शिक्षा हासिल गर्नका लागि छात्रबृत्ति प्रदान गर्न आवश्यक कार्यविधि बनाई प्रक्रिया अगाडि बढाईनेछ । यसैगरी उपमेयर छात्रबृत्ति कार्यक्रम अन्तर्गत असहाय विद्यार्थिहरुको कम्तिमा पनि मा.वि तह सम्म शिक्षामा निरन्तरता प्रदान गर्न उपमेयर शिक्षा छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१४२.**सुन्दर टीकापुर, साक्षर टीकापुर** मूल नाराका साथ घरधूरी सर्वेक्षण मार्फत निरक्षर जनसंख्या यकीन गरी अनौपचारिक शिक्षाको माध्यमबाट टीकापुर नगरपालिकालाई पूर्ण साक्षर अभियानको शुरुवात गरिनेछ । साथै परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्धन गर्दै रोजगारीमूलक र उद्यमशीलता विकास हुने शैक्षिक प्रणालीको विकास गरिनेछ ।

१४३.विद्यालयहरुमा अतिरिक्त कृयाकलापको माध्यमबाट विद्यार्थीहरुमा भएका सिर्जनशीलता (कला, साहित्य, विज्ञान) तथा खेलकुद र शरीरिक सुगठन विधालाई निखार्दै मेयर कप, उपमेयर कप, राष्ट्रपति रनिङ्ग शील्ड हुदै राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी हुन प्रोत्साहित गरिनेछ। साथै खेलकुद विकासका लागि प्रत्येक वडामा खेलकुद मैदान निर्माण गर्ने कार्यलाई पनि अगाडी बढाईनेछ।

१४४.राष्ट्रिय युवा परिषद सँग समन्वय र सहकार्य गरी युवा प्रतिभा पहिचान, युवा उद्यमीको खोजी तथा प्रोत्साहन, संसदीय प्रणाली र अभ्यासको बारेमा जानकारी गराउन तथा नेतृत्व क्षमता विकास गर्न नमुना संसद सञ्चालन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ साथै कला, साहित्य तथा अनुसन्धान लगायतका क्षेत्रमा उत्कृष्ट कार्य गर्नेलाई प्रोत्साहित गरिनेछ।

१४५. वालविकास शिक्षिकाहरुलाई (सहयोगी कार्यकर्ता) हरुलाई सर्शत अनुदानबाट पाउँदै आएको पारिश्रमिकमा थप प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

## नगरसभा सदस्यज्यूहरु,

१४६.टीकापुर नगरपालिकालाई पूर्ण रुपमा ब्यक्तिगत घटनादर्ता भएको नगरपालिका घोषणा गर्नका लागि ब्यक्तिगत घटनादर्ता अभियान संचालन सहितको कार्यक्रम संचालन गरिनेछ।

१४७.नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका प्रसुती केन्द्रहरुबाट उपलब्ध गरिने जन्मदर्ताको प्रमाणपत्र अनलाईन मार्फत कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ।

१४८.नगर क्षेत्र भित्र निर्माण हुने घर हरु मा “एक घर तिन बिरुवा” लगाउनु पर्ने कार्य लाई निरन्तरता दिई हराभरा नगरको परिकल्पना गरिएको छ। साथै नगर क्षेत्र भित्र निर्माण हुने घरहरु सार्बजनिक र सरकारी भवनहरु महिला, अपाङ्ग मैत्री र बाल मैत्री निर्माण गर्न जोड दिइनेछ।

१४९.**“भूकम्प प्रतिरोधी घर निर्माण गरौ, सुरक्षित नगर बनाऊँ”** भन्ने नीति लाई अभियानका रुपमा अगाडी बढाइनेछ। साथै बस्ति विकास,सहरी योजना तथा भवन

निर्माण सम्बन्धि मापदण्ड, २०७२ भन्दा अगाडी बनेका सडकको मापदण्ड पुरा भएका घरहरु लाई हालको अवस्था खुलाई अभिलेखीकरण गरिनेछ ।

१५०. घर नक्शा लाई चुस्त दुरुस्त बनाउन र नागरिकको कामलाई छिटो छरितो गर्न नक्शा पास प्रक्रिया लाई सफ्टबयर मार्फत अगाडी बढाउनको लागि गृहकार्य गरिनेछ ।

१५१. नगर क्षेत्र भित्र निर्माण हुने पुर्बधारको गुणस्तरीयता सुनिश्चित गर्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न बिशेष जोड दिईनेछ ।

१५२. नगरपालिकाको आन्तरिक राजस्वलाई सुदृढ गर्न सवै किसिमका करका दायराहरुलाई समेट्ने प्रयास स्वरुप कर सप्ताह, घरदैलो अभियान लगायतका राजस्व अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । साथै नगरपालिका बाट सञ्चालन हुने योजना तथा कार्यक्रममा कर तिर्ने ब्यक्ति तथा संघसंस्थालाई मात्र सहभागी गराईनेछ ।

१५३. यस नगरपालिका क्षेत्रभित्र उद्यमशिलता विकासका लागि युवाहरुलाई उत्पादनशिल कार्यमा अधिकतम सहभागी गराउने नीति अनुरुप लागत सहभागितामा विविध कार्यक्रमहरु सहित प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ । साथै रोजगारीको प्रत्याभूति दिलाउन सक्ने किसिमका सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम लागत सहभागितामा सन्चालन गर्ने संघ/संस्था/फर्महरु सँग सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ ।

## नगर सभा सदस्यज्यूहरु,

यस टीकापुर नगरपालिकाको यो नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार प्रस्तुत गरेकोछ । प्रस्तुत नीति र कार्यक्रमको कार्यान्वयनको निम्ति प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई टीकापुर नगरपालिका अगाडी वढ्ने विश्वास दिलाउँदै नीति, कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको साथ र सहयोग निरन्तर रहनेछ  भन्ने अपेक्षा गरेका छौं ।

यस नीति तथा कार्यक्रम तर्जुमा गर्न विभिन्न विषयगत समितिहरु, विभिन्न राजनीतिक दल, निजी क्षेत्रका उद्योगी व्यापारी, प्राज्ञिक क्षेत्र, पूर्व जनप्रतिनिधि, समाजका लब्ध

प्रतिष्ठित व्यक्तित्वहरु, विषय विज्ञहरुबाट प्राप्त सुझावका लागि पनि धन्यवाद दिन चाहन्छु। टीकापुर नगरपालिकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सीप र सेवा भाव लगाइ रहनु भएका सम्पूर्ण कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु । हरेक गतिविधिलाई सत्य तथ्यमा आधारित भएर जनता सामु पुर्‍याउन सञ्चार क्षेत्रले खेलेको भुमिकाको प्रशंसा गर्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावलाई पनि स्मरण गर्न चाहन्छु। विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको केन्द्र र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । अब यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि यसैगरी सबै पक्षबाट सहयोग प्राप्तहुने विश्वास व्यक्तगर्दै मेरो सम्बोधनलाई यही अन्त्य गर्दछु ।

**धन्यवाद ।**